# लोक सेवा आयोग

## नेपाल न्याय सेवा अन्तर्गत न्याय, कानून र सरकारी वकिल समूह, राजपत्राङ्कित तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह पदको प्रतियोगितात्मक लिखित परीक्षा

मितिः- २०८०।०४।२२

**समयः ३ घण्टा** **पुर्णाङ्कः- १००**

**पत्रः प्रथम**

**विषयः शासन प्रणाली (Governance Systems)**

**निम्न प्रश्नहरुको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ ।**

### Section - A

1. शासन भनेको के हो ? नेपालको मौजुदा शासन प्रणालीका बिशेषताहरु व्याख्या गर्नुहोस । ३+७=१०

What is governance? Explain the characteristics of existing governance system of Nepal.

2. सरकारको कार्यसम्पादन प्रणालीको पारदर्शिता र सरकारी निकायहरु प्रतिको जनविश्वास अभिवृद्धि बीचको सम्बन्धबारे लेख्नुहोस् । सूचनाको हकको सन्दर्भलाई समेत ध्यान दिँदै यसलाई स्पष्ट पार्नुहोस् । १०

Write about the relationship between transparency of government performance system and increment of public trust towards government agencies? Considering the reference of Right to Information also, clarify it.

3. राष्ट्रिय सुरक्षा व्यवस्थापन भन्नाले के बुझ्नुहुन्छ ? नेपालमा राष्ट्रिय सुरक्षाका विद्यमान प्रावधानहरुको बारेमा उल्लेख गर्नुहोस । ४+६=१०

What do you understand by National Security Management? Mention about the existing provisions of national security in Nepal.

### Section - B

4. संविधानमा निर्देशक सिद्धान्त र राज्यका नीतिहरु किन समावेश गरिन्छन् ? नेपालको वर्तमान संविधान अनुसार मौलिक हक उल्लङ्घन भएको स्थितिमा नागरिकले ती निर्देशक सिद्धान्त र राज्यका नीतिहरुको रक्षा कसरी गर्न सक्छन् ? लेख्नुहोस् ५+५=१०

Why are directive principles and policies of state included in the constitution? In the case of violation of fundamental rights as per the constitution of Nepal, how can the citizens protect those directive principles and policies of state ? Write down.

5. कानूनका श्रोतहरु उल्लेख गर्दै नेपालमा कानून निर्माण गर्ने प्रक्रियाको व्यवस्थाबारे वर्णन गर्नुहोस् । ५+५=१०

Govinda Giri

Mentioning the Sources of law, describe about the provisions of law making process in Nepal.

### Section - C

6. सार्वजनिक सेवाका विशेषताहरु स्पष्टरुपमा लेख्नुहोस् । शासनमा नयाँ अवधारणा अवलम्बन गरेर सार्वजनिक सेवा प्रवाहलाई कसरी सुधार गर्न सकिन्छ ? वर्णन गर्नुहोस् । ५+५=१०

Write clearly the characteristics of public services. How can public service delivery be improved by introducing new concepts in governance? Describe.

7. सार्वजनिक कोष व्यवस्थापनको अवधारणा स्पष्ट पार्नुहोस । नेपालमा सार्वजनिक कोषको उपयोगमा अनुभूत गरिएका समस्याहरु औँल्याउँदै समाधानका उपायहरु प्रस्तुत गर्नुहोस् । २+४+४=१०

Clarify the concept of public fund management. Pointing out the problems realized in utilization of public fund in Nepal, present the measures of solution.

8. सार्वजनिक नीति भन्नाले के बुझिन्छ ? नेपालमा सार्वजनिक नीति तर्जुमा कसरी गरिन्छ ? प्रष्ट पार्नुहोस । ३+७=१०

What is meant by public policy ? How are the public policies formulated in Nepal ? Elucidate.

## Section - D

9. मानव श्रोत व्यवस्थापनको महत्वपूर्ण अवयवमध्ये कर्मचारी उत्प्रेरणा भन्नाले के बुझ्नुहुन्छ ? कर्मचारीहरुलाई उत्प्रेरित गर्ने मौद्रिक र गैर-मौद्रिक तत्वहरु के-के हुन् ? उदाहरणसहित स्पष्ट पार्नुहोस् । ३+७=१०

Among the important components of human resource management, what do you mean by employees motivation? what are the monetary and non-monetary factors to motivate the employees ? Clarify with examples.

10. चालु पन्ध्रौँ आवधिक योजनाका प्रमुख लक्ष्य र उद्देश्यहरु उल्लेख गर्दै नेपालमा हालसम्मको विकास कार्यक्रमको उपलब्धिको संक्षेपमा समिक्षा गर्नुहोस् । ५+५=१०

Mentioning the major goals and objectives of current fifteenth periodic plan, review in brief on the achievement of development programs to date in Nepal.

««समाप्त»»